# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेल: midsolu.hydropower@gmail.com वेवसाइट: www.midsoluhydropower.com.np

को

## चौथो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२५ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

मिति २०८२ साल मंसिर महिनाको २३ गते बसेको यस मिड सोलु हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको चौथौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।।

**सभा हुने मिति, समय र स्थान:**

**सभा हुने मिति** : २०८२ साल पौष २१ गते सोमवार (तद्नुसार सन् २०२६, जनवरी ५) ।
**सभा शुरु हुने समय** : दिउँसो १:०० बजे ।
**सभा हुने स्थान** : मानसरोबर पार्टी प्यालेस, बाबुराम आचार्य सडक, पुरानो बानेश्वर, काठमाण्डौ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूचीहरु :**

**क) सामान्य प्रस्तावहरु:**

१. आर्थिक बर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/२०८२ को लेखापरिक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.७४,८४,००,०००/- को ०.७८९० प्रतिशत (निकटतम चार अंक) का दरले हुन आउने रु.५९,०८,४२१/- (बोनश शेयरको कर प्रयोजनका लागि मात्र) नगद लाभांश पारित गर्ने ।
५. कम्पनीको संस्थापक शेयरधनी समूहको पाँच (५) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।
६. संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. संचालक समितिको बैठक भत्ता, दैनिक भ्रमण भत्ता र पारिश्रमिक रकम सम्बन्धमा ।
८. संस्थागत सुसासन सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु:**

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ.व. २०८१/०८२ को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.७४,८४,००,०००/- को १५ प्रतिशतका दरले हुन आउने ११,२२,६०,०००/- (अक्षरुपी एघार करोड वाईस लाख साठी हजार रुपैया मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
२. बोनश शेयर वितरण पश्चात् कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न र सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६(क), (ख) र (ग) मा संशोधन गर्ने ।
३. कम्पनीको प्रवन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

(क) यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पूर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु:**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१३ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१० गतेका दिनसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन ।
२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा जानकारी गराइनेछ। कुनै कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. ३१, मध्य बानेश्वर, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन हुने शेयरधनीहरु महानुभावहरु लाई आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान १२:०० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड् कार्यालय, का. म. न. पा. वडा न. ३१ मध्ये बानेश्वर काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय मध्ये बानेश्वर काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।
६. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्तीमा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ दिन अगाडी कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ।
७. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनुहुने शेयरधनीहरुले मिति २०८२।०९।१८ गते दिउँसोको २:०० बजेसम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ। लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन्।
८. संरक्षक रहनु भएका शेयरधनीको तर्फवाट शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।
९. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।
१०. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, शेयरधनीको विवरण, शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३१ मध्य बानेश्वर, काठमाण्डौं तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड थापाथली काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ।

**नोट** : साधारणसभा र संचालकको निर्वाचन सम्बन्धी कुनै जानकारी चाहिएमा कम्पनीको वेबसाईड र कम्पनीको रजिष्टर्ड कार्यालय मध्य बानेश्वर काठमाण्डौंमा सम्पर्क गर्न सकिनेछ।

मिति २०८२/०८/२५ गतेको कारोबार दैनिकमा प्रकाशित